# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, चैत २१ गते २०४५ साल (संख्या ५०


## भाग ३

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

### सिंचाइ नियमावली, २०४५

नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१.१ संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१.१.१ यी नियमहरूको नाम "सिंचाइ नियमावली, २०४५" रहेको छ ।

१.१.२ यो नियमावली श्री ५ को सरकारले सञ्चालन गरेको वा विकास समिति ऐन, २०१३ अन्तर्गत गठित कुनै विकास समितिमार्फत सञ्चालन गरेको परियोजनाको सिंचाइ क्षेत्रमा वा श्री ५ को सरकारले तोकेको अन्य कुनै क्षेत्रमा श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

१.२ परिभाषाः

१.२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

१.२.१.१ "ऐन" भन्नाले नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ सम्झनुपर्छ ।

358

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.२.१.२ "नहर" भन्नाले सिंचाइको लागि सतह वा भूमिगत जलस्रोतको पानी जम्मा गर्न, बाँड्न वा नियन्त्रण गर्न बनाएको नहर, शाखा नहर, उप-शाखा नहर, कुलो, कुलेसा र पैनी सम्झनुपर्छ ।

स्पष्टिकरणः "पैनी" भन्नाले नहरबाट पानी जाने सानो कुलो सम्झनुपर्छ ।

१.२.१.३ "सिंचाइ क्षेत्र" भन्नाले सिंचाइको लागि निर्माण भएको बाँध, नहर तथा सिंचाइसम्बन्धी अन्य संरचनाले चर्चेको जमिन र सो नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाद्वारा सिंचाइ हुने जमिनलाई समेत जनाउँछ ।

१.२.१.४ "जिल्ला सिंचाइ कार्यालय" भन्नाले श्री ५ को सरकारको जिल्ला सिंचाइ कार्यालय सम्झनुपर्छ ।

१.२.१.५ "सिंचाइ कार्यालय" भन्नाले श्री ५ को सरकारले वा कुनै विकास समितिमार्फत सञ्चालन गरेको सिंचाइ सम्बन्धी परियोजनाको कार्यालय सम्झनुपर्छ र सो शब्दले जिल्ला सिंचाइ कार्यालयसमेतलाई जनाउनेछ ।

१.२.१.६ "सिंचाइ अधिकृत" भन्नाले नियम २.२ बमोजिम नियुक्त भएको वा तोकिएको सिंचाइ अधिकृत सम्झनुपर्छ ।

१.२.१.७ "अन्य कृषि कार्य" भन्नाले फलफूल खेती, बागवानी, माछा वा हाँसपालनजस्ता कृषिजन्य कार्य सम्झनुपर्छ ।

१.२.१.८ "जल उपभोक्ता" भन्नाले यस नियमावलीबमोजिम पानी उपभोग गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद–२

## सिंचाइसम्बन्धी व्यवस्था र पानीको वितरण

२.१ सिंचाइको व्यवस्था गर्नेः श्री ५ को सरकारले वा विकास समिति ऐन, २०१३ अन्तर्गत गठित विकास समिति वा अन्य कुनै निकायद्वारा नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको निर्माण गरी कुनै जलस्रोतको उपयोग गर्ने उद्देश्यले सिंचाइको व्यवस्था गर्न वा गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.१ श्री ५ को सरकार वा विकास समिति ऐन, २०१३ अन्तर्गत गठित कुनै विकास समितिमार्फत सञ्चालित परियोजनाले सिंचाइको व्यवस्था गर्दा सिंचाइ क्षेत्रको स्वरुप र विस्तारको आधारमा सिंचाइ क्षेत्रलाई विभिन्न खण्डमा विभाजन गरी प्रत्येक खण्डभित्र सिंचाइको लागि पानीको उपयुक्त ढङ्गले वितरण गर्ने कुलो, कुलेसो र निकासहरूको निर्माण, सञ्चालन र मरमत सम्भार गर्ने काम नियम ३.१ बमोजिम गठित जल-उपभोक्ता टोलीबाट गर्न लगाउन सक्नेछ ।

२.२ सिंचाइ अधिकृत नियुक्त गर्ने वा तोक्ने: श्री ५ को सरकारले सिंचाइको लागि नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको निर्माण, मरमत सम्हार, नियन्त्रण, सञ्चालन र रेखदेख वा सिंचाइसम्बन्धी काम गर्न आवश्यकता अनुसार प्रमुख सिंचाइ अधिकृत तथा अन्य सिंचाइ अधिकृतहरू नियुक्त गर्न वा त्यस्तो सिंचाइ अधिकृतले गर्ने काम गर्नको लागि अन्य कुनै अधिकृतलाई तोक्न सक्नेछ ।

२.३ हस्तान्तरण गर्न सकिने: सिंचाइ आयोजनाको निर्माण पुरा भै सकेपछि जल-उपभोक्ताको संस्थालाई हस्तान्तरण गर्न सकिनेछ । सो हस्तान्तरण भै सकेको अवस्थामा सो आयोजनाको मरमत सम्भार, सञ्चालन र पानीपोत असूल गर्ने सम्पूर्ण जिम्मेवारी उक्त संस्थाको हुनेछ ।

२.४ पानीको वितरण व्यवस्था:

२.४.१ सिंचाइ अधिकृतले सिंचाइको लागि पानी वितरण गर्दा देहायका कुराहरू र नियम ३.५ बमोजिमको जल-उपभोक्ता संघ समन्वय समिति तथा सम्बन्धित कृषि कार्यालयको परामर्शसमेतलाई विचार गरी आलोपालो मिलाई जल-उपभोक्ताहरूलाई पानीको बाँडफाँडको व्यवस्था गरिदिनु पर्नेछ :–

२.४.१.१ जग्गाको क्षेत्रफल,

२.४.१.२ जग्गामा लगाउने बालीको किसिम,

२.४.१.३ जग्गाको माटोको प्रकृति,

२.४.१.४ नहरमा उपलब्ध रहेको पानीको परिमाण, र

२.४.१.५ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको अवस्था ।

२.५. पानीको वितरण बन्द गर्न सकिने:

२.५.१ देहायको अवस्थामा सिंचाइ अधिकृतले पानीको वितरण बन्द गर्न सक्नेछ:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.५.१.१ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको पानी बन्द नगरी नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको मरमत सुधार गर्न नसकिने अवस्था परेमा,

२.५.१.२ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको पानी बन्द नगरी कुनै सार्वजनिक निर्माण कार्य गर्न नसकिने भएमा,

२.५.१.३ कसैले पानीपोत नतिरेमा वा यस नियमावलीको विपरित हुने गरी कुनै काम कारवाही गरेमा त्यस्तो व्यक्तिको हकमा,

२.५.१.४ नहर वा सिंचाइसम्बन्धी अन्य संरचना क्षतिग्रस्त भएमा वा हुने सम्भावना भएमा,

२.५.१.५ नहरमा मानिस वा कुनै जीवजन्तु परेमा वा मरेमा ।

२.५.२ उप-नियम २.५.१.१ वा २.५.१.२ बमोजिमको अवस्था परी पानीको वितरण बन्द गर्नु परेमा कम्तिमा पन्ध्र दिन अगावै सिंचाइ अधिकृतले सो कुराको सूचना जल-उपभोक्ताले पाउन सक्ने गरी सम्बन्धित पञ्चायत, जल-उपभोक्ता टोली र सम्बन्धित कृषि कार्यालय समेतलाई लिखित रूपमा गर्नु पर्नेछ ।

२.६ जल-उपभोक्ताको लगत तयार गर्ने:

२.६.१ सिंचाइको लागि पानी उपलब्ध गराउनु अगावै सिंचाइ अधिकृतले जुन जुन पञ्चायतको जग्गामा जुन शाखा नहरबाट सिंचाइ हुने हो ती ती पञ्चायतको नाम र वडा नम्बर खुलाइएको विवरण सिंचाइ कार्यालय र सम्बन्धित पञ्चायतमा प्रकाशित गर्नु पर्नेछ ।

२.६.२ उप-नियम २.६.१ बमोजिमको विवरणको आधारमा जल-उपभोक्ता टोली गठन भएको ठाउँमा जल-उपभोक्ता टोलीले र जल-उपभोक्ता टोली गठन नभएको ठाउँमा सिंचाइ कार्यालयले सिंचित जग्गाको कित्ता नम्बर र जग्गावाला तथा मोहीसमेतको नाम नामेसीको लगत खडा गरी राख्नु पर्नेछ ।

२.६.३ उप-नियम २.६.२ बमोजिम तयार गरिएको लगतमा कुनै खास कारणले कुनै खास जग्गा समावेश गर्न वा हटाउन परेमा सो गरी त्यस्तो लगत सिंचाइ अधिकृतले स्वीकृत गरी आफ्नो कार्यालयमा राख्नु पर्नेछ । सिंचाइ अधिकृतले सो लगतको एक प्रति सम्बन्धित जल-उपभोक्ता टोलीलाई दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.७ सिंचाइ अधिकृतलाई सूचना दिनुपर्ने:

२.७.१ सिंचाइको सुविधा प्राप्त जग्गामा कुनै कारणवश सिंचाइ हुन नसक्ने भएमा वा सिंचाइ हुन नसकेकोमा वा बाढीबाट डुवान हुन गएमा त्यस्तो कारण परेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित जल-उपभोक्ताले सो कुराको सूचना जल-उपभोक्ता टोलीमार्फत सिंचाइ अधिकृतलाई लिखित रूपमा दिनु पर्नेछ ।

२.७.२ उप-नियम २.७.१ बमोजिम सूचना प्राप्त हुन आएमा सिंचाइ अधिकृतले आवश्यक जाँचबुझ गरी प्राविधिक रूपमा सम्भव भएमा त्यस्तो जग्गामा सिंचाइको व्यवस्था मिलाई दिनु पर्नेछ ।

२.७.३ उप-नियम २.७.२ बमोजिम जाँचबुझ गर्दा कुनै जग्गामा कुनै बालीमा सिंचाइ हुन नसक्ने भनी यकीन हुन आएमा सिंचाइ नभएको अवधिको पानीपोत नलाग्ने गरी लगत किताबमा जनाउनु पर्नेछ ।

तर जग्गाको केही भागको मात्र सिंचाइ भएकोमा सम्बन्धित जल-उपभोक्ताले सिंचाइ भए जति जग्गाको पानीपोत बामासाहीले तिर्नु पर्नेछ ।

२.८ उजूरी दिन सकिने: कुनै जल-उपभोक्ता टोलीले उचित तवरबाट पानीको वितरण र त्यसको प्रयोग गर्नमा त्यस क्षेत्रभित्रको जल-उपभोक्तालाई दु:ख दिने कार्य गरेको अवस्थामा सम्बन्धित उपभोक्ताले सिंचाइ अधिकृतसमक्ष उजूरी दिन सक्नेछ र सो उजूरीमाथिको सिंचाइ अधिकृतको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–३

## जल-उपभोक्ता संगठनसम्बन्धी व्यवस्था

३.१ जलउपभोक्ता टोलीको गठन:

३.१.१ सिंचाइ सुविधा उपलब्ध गराउन तथा पानीको वितरण व्यवस्था मिलाउनको लागि समेत सिंचाइ अधिकृतले सिंचाइ क्षेत्रको स्वरूप र विस्तारको आधारमा सिंचाइ क्षेत्रलाई विभिन्न खण्डहरूमा विभाजन गर्नेछ । यस्ता प्रत्येक खण्डमा सो खण्डभित्रका जल-उपभोक्ताहरूले आफूमध्येबाट छानिएका व्यक्तिहरू रहने गरी एक जल-उपभोक्ता टोली गठन गर्नेछन् ।



353

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१.२ जल-उपभोक्ता टोलीमा सिंचाइ कार्यालयको एकजना प्रतिनिधि समेत गरी कम्तीमा पाँचजना सदस्यहरू रहनेछन् । ती सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्ति जल-उपभोक्ता टोलीको प्रमुख हुनेछ ।

३.१.३ जल-उपभोक्ता टोलीको काम गर्ने कार्यविधि जल-उपभोक्ता टोलीका सदस्यहरूले निर्धारण गरेबमोजिम हुनेछ ।

३.२ जल-उपभोक्ता टोलीको काम, कर्तव्य र अधिकारः

३.२.१ जल-उपभोक्ता टोलीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

३.२.१.१ कुलेसो, कुलो र पैंनी नहरहरूको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्ने ।

३.२.१.२ बालीको किसिम अनुसार सिंचाइ हुने जग्गामा पानी वितरण गर्ने काममा सघाउ पुऱ्याउने र जल-उपभोक्ता-हरूलाई पानी लगाउने व्यवस्था मिलाइदिने ।

३.२.१.३ पानीपोत असूल तहसिल गराउन सहयोग गर्ने ।

३.२.१.४ सिंचाइ नहुने जग्गाको लगत कट्टा गर्नुपर्ने भएमा त्यसको सिफारिश गर्ने ।

३.२.१.५ यस नियमावलीबमोजिमको काम गर्न कसैले बाधा विरोध गरेमा वा कुनै व्यक्तिले यस नियमावलीको प्रति-कूल कुनै काम गरेमा सोको लिखित सूचना सिंचाइ अधिकृत, सम्बन्धित जल-उपभोक्ता संघ र जल-उपभोक्ता संघ समन्वय समितिलाई दिने ।

३.२.१.६ आफ्नो क्षेत्रभित्रका जल-उपभोक्ताहरूबीच पानी वितरण सम्बन्धमा पर्न आएका समस्या मिलाउने ।

३.२.१.७ नयाँ पैंनी बनाई सिंचाइ गर्न चाहने व्यक्तिलाई पैंनी बनाउनको लागि जग्गा उपलब्ध गर्न सहयोग गर्ने ।

३.२.२ जल-उपभोक्ता टोलीले आफ्नो क्षेत्रका जल-उपभोक्ताहरूलाई सिंचाइको लागि गरिने जल-उपयोगका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालन गर्नु प्रत्येक जल-उपभोक्ताको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.३ जल-उपभोक्ता संघको स्थापनाः

३.३.१ सिंचाइ क्षेत्रभित्र शाखा नहर भएमा प्रत्येक शाखा नहरद्वारा सिंचाइ हुने क्षेत्रमा र शाखा नहर नरहेकोमा मूल नहरद्वारा सिंचाइ हुने क्षेत्रमा एक जल-उपभोक्ता संघ स्थापना गरिनेछ ।

३.३.२ उप-नियम ३.३.१ बमोजिमको क्षेत्रभित्रका सबै जल-उपभोक्ता टोली प्रमुखहरूले आफूमध्येबाट छानेको एकजना अध्यक्ष, एकजना सचिव, कम्तीमा दुईजना सदस्य र सिंचाइ कार्यालयको एकजना प्रतिनिधिसमेत सदस्य रहने गरी एक जल-उपभोक्ता संघ स्थापना गर्नेछन् ।

३.३.३ जल-उपभोक्ता संघको काम गर्ने कार्यविधि सो संघ आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

३.३.४ सिंचाइ क्षेत्रको स्वरूप र विस्तारको आधारमा एक सिंचाइ क्षेत्रमा एक वा बढी जल-उपभोक्ता संघको स्थापना हुन सक्नेछ ।

३.४ जल-उपभोक्ता संघको काम, कर्तव्य र अधिकारः

३.४.१ जल-उपभोक्ता संघको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

३.४.१.१ आफ्नो क्षेत्रभित्रका विभिन्न जल-उपभोक्ता टोलीहरू बीच समन्वय कायम गर्ने ।

३.४.१.२ सिंचाइको लागि उपलब्ध हुने पानीको बाँडफाँडको सम्बन्धमा सम्बन्धित सिंचाइ अधिकृतलाई सिफारिश गर्ने ।

३.४.१.३ दुई वा दुईभन्दा बढी जल-उपभोक्ता टोलीसित सम्बन्धित क्षेत्रको कुलो वा शाखा नहर वा उप-शाखा नहरको आवश्यक मरमत सम्भार गर्ने र सो गर्नको लागि आवश्यक प्राविधिक एवं अन्य सहयोग सिंचाइ कार्यालयबाट प्राप्त गर्ने र जनसहभागिता जुटाउने ।

३.४.१.४ आफ्नो क्षेत्रमा भरपर्दो र उपयुक्त सिंचाइको लागि गर्नु पर्ने आवश्यक कामका सम्बन्धमा सिंचाइ कार्यालयसित सम्पर्क राखी काम गर्ने ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.४.१.५ आफ्नो क्षेत्रभित्रको जल-उपभोक्ता टोलीहरूबीच पानी वितरण सम्बन्धमा पर्न आएका समस्या मिलाउने ।

३.४.१.६ जल-उपभोक्ता टोलीको लेखापरीक्षण गराउने व्यवस्था मिलाई टोलीको आय-व्ययको पुनरावलोकन गर्ने ।

३.४.२ जल-उपभोक्ता संघले आफ्नो क्षेत्रभित्रका जल-उपभोक्ता टोलीहरूलाई सिंचाइको लागि वितरण हुने पानीको उपयोगका सम्बन्धमा आवश्यक निर्देशन र सल्लाह दिन सक्नेछ । त्यस्तो निर्देशन र सल्लाह मान्नु प्रत्येक जल-उपभोक्ता टोलीको कर्तव्य हुनेछ ।

३.५ जल-उपभोक्ता संघ समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकारः

३.५.१ कुनै सिंचाइ क्षेत्रमा तीनवटाभन्दा बढी जल-उपभोक्ता संघ रहेमा त्यस्ता प्रत्येक जल-उपभोक्ता संघको अध्यक्ष सदस्य रहने गरी एक जल-उपभोक्ता संघ समन्वय समिति गठन गरिनेछ ।

३.५.२ उप-नियम ३.५.१ बमोजिम गठन गरिने जल-उपभोक्ता संघ समन्वय समितिका सदस्यहरूले आफूमध्येबाट छानेको एकजना सदस्य सो समितिको सभापति र एकजना सदस्य-सचिव हुनेछ । सिंचाइ कार्यालयको एकजना प्रतिनिधि पनि सो समितिको सदस्यको रूपमा रहनेछ ।

३.५.३ कुनै सिंचाइ क्षेत्रमा तीनवटासम्म जल-उपभोक्ता संघ रहेकोमा त्यस्ता जल-उपभोक्ता संघहरूको समन्वय समितिको काम ती जल-उपभोक्ता संघहरूले आफूमध्येबाट तोकेको संघले गर्नेछ ।

३.५.४ जल-उपभोक्ता संघ समन्वय समितिको काम गर्ने कार्यविधि सो समन्वय समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

३.५.५ जल-उपभोक्ता संघ समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

३.५.५.१ विभिन्न जल-उपभोक्ता संघहरूबीच समन्वय कायम गर्ने,

३.५.५.२ सिंचाइको लागि जल-उपभोक्ताहरूलाई गरिने पानीको वितरण सम्बन्धमा सिंचाइ अधिकृतलाई आवश्यक परामर्श दिने,

३.५.५.३ सिंचाइ क्षेत्रभित्रका जल-उपभोक्ता संघहरूबीच पानी वितरण सम्बन्धमा पर्न आएका समस्या मिलाउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.५.६ जल-उपभोक्ता संघ समन्वय समितिले आफ्नो क्षेत्रभित्रका जल-उपभोक्ता संघहरूलाई आवश्यकता अनुसार समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रत्येक जल-उपभोक्ता संघको कर्तव्य हुनेछ ।

## परिच्छेद–४

## नहर वा सिंचाइसम्बन्धी संरचनाको सुरक्षा र मरमत सुधार

### ४.१ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको सुरक्षाको लागि केही काम निषेध गर्न सकिने:

४.१.१ सिंचाइ अधिकृतले नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको सुरक्षाको साथै पानीको चोरी, दुरूपयोग वा अनधिकृत प्रयोग हुन नदिनको लागि निजबाट अधिकार प्राप्त व्यक्तिबाहेक अन्य कसैले देहायका सबै वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछः–

४.१.१.१ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनामा वा ती कुराहरूको निर्माणको लागि प्राप्त गरिएको जग्गामा वा नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाले चर्चेका जग्गामा प्रवेश गर्न, त्यस्तो नहर, संरचना वा जग्गा कुनै प्रकारले भोग चलन गर्न,

४.१.१.२ नहर वा सिंचाइसम्बन्धी अन्य संरचना भत्काउन, बन्द गर्न वा त्यसमा अरू कुनै कुराको हेरफेर गर्न,

४.१.१.३ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनामा आउने जाने पानी घटाउन, बढाउन वा त्यसमा बेहिसाब गर्न,

४.१.१.४ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको पानी प्रदूषण गर्न,

४.१.१.५ सिंचाइ कार्यालयद्वारा राखिएको सङ्केत वा चिह्न बिगार्न वा सार्न,

४.१.१.६ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको पानीको प्रवाह नियन्त्रण गर्ने कुनै यन्त्र वा सो यन्त्रको कुनै कलपूर्जालाई चलाउन, बिगार्न वा सार्न,



356
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१.१.७ सिंचाइ अधिकृतले सिंचाइ क्षेत्रभित्र प्रवेश निषेध गरेको ठाउँमा गाई वस्तु हिंडाउन, चराउन वा छाडा छाड्न,

४.१.१.८ सिंचाइ क्षेत्रभित्रको प्रवेश निषेध गरिएको ठाउँमा सवारी चलाउन,

तर सिंचाइ क्षेत्रलाई हानि नपुग्ने गरी सम्बन्धित सिंचाइ कार्यालयले तोकिदिएको शुल्क तिरी त्यस्तो निषेधित ठाउँमा सवारी चलाउन पाउने गरी सिंचाइ अधिकृतले स्वीकृति दिन सक्नेछ ।

४.१.१.९ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाले चर्चेको जग्गामा रहेको रूख, बिरुवा, घाँसपात आदि काट्न, उखेल्न वा कुनै किसिमले नष्ट गर्न,

४.१.१.१० नहरको डिल काट्न, नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाबाट पानी जाने वा त्यसमा पानी आउने स्रोतहरू अदल बदल गर्न वा त्यस्तो कुरोको प्रयास गर्न,

४.१.१.११ नहर वा अन्य सिंचाइसम्बन्धी संरचनाको स्थायित्वमा प्रतिकूल असर पार्न, जोखिम पुऱ्याउन वा त्यस्ता कुराको प्रयास गर्न,

४.१.१.१२ नहर वा सिंचाइसम्बन्धी अन्य संरचनालाई कम उपयोगी तुल्याउने गरी नदी वा खोलाको धारमा अवरोध खडा गरी पानीको वहावलाई नियन्त्रण गर्न,

४.१.१.१३ सिंचाइ व्यवस्थालाई प्रतिकूल असर पर्ने गरी नदी, खोला, छहरा, ताल, पोखरी वा त्यसको कुनै भागलाई कुनै किसिमसंग च्याप्ने वा मिच्ने काम गर्न,

४.१.१.१४ सिंचाइको लागि नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाबाट स्वीकृतिबेगर पम्पद्वारा पानी तान्ने काम गर्न ।

४.१.२ उप-नियम ४.१.१ बमोजिम निषेध गरिएको कुराको सूचना सिंचाइ अधिकृतले सर्वसाधारणको जानकारीको लागि सम्बन्धित सिंचाइ क्षेत्रको मुख्य मुख्य ठाउँमा र सिंचाइ कार्यालयमा टाँस्नु पर्नेछ र सोको बोधार्थ प्रचार प्रसारको लागि सम्बन्धित गाउँ वा नगर पञ्चायत, जिल्ला पञ्चायत, जिल्ला कार्यालय र माल वा मालपोत कार्यालयमा समेत पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१.३ सिंचाइ अधिकृतले सिंचाइको लागि नहर वा सिंचाइसम्बन्धी अन्य संरचनाको सञ्चालनको आवश्यक व्यवस्था मिलाई उप-नियम ४.१.१ बमोजिम गरिएका निषेधहरूमध्ये आवश्यकता अनुसार केही निषेध हटाउन सक्नेछ ।

४.२ आकस्मिक मरमत सुधार गर्नेः

४.२.१ बाँध, नहर, शाखा नहर, पैनी, कुलो वा सिंचाइसम्बन्धी अन्य संरचना आकस्मिक रूपमा भत्की, बिग्री वा कुनै किसिमले क्षतिग्रस्त भएमा वा भत्कने, बिग्रने वा क्षति पुग्ने सम्भावना भएमा सोको तत्काल मरमत सुधार नगरी नहुने भई सिंचाइको काममा बाधा कठिनाइ पर्ने भएमा वा त्यसबाट व्यापक रूपमा सार्वजनिक हानी नोक्सानी हुने सम्भावना भएमा त्यस्तो मरमत सुधारको लागि तत्काल निकाशा लिइरहन सम्भव नभएमा पछि निकाशा लिने गरी सम्बन्धित सिंचाइ अधिकृतले आफू भन्दा एक तहमाथिको अधिकृतलाई यथाशक्य चाँडो सूचना दिई उपलब्ध स्रोत र साधनको उपयोग गरी आकस्मिक मरमत सुधारको व्यवस्था गर्नु पर्नेछ ।

तर पछि त्यस्तो आकस्मिक मरमत सुधारको निकाशा लिंदा त्यसरी आकस्मिक मरमत सुधार गर्नुपरेको कुराको स्पष्ट रूपमा पुष्टी भएको हुनु पर्नेछ ।

४.२.२ उप-नियम ४.२.१ बमोजिमको आकस्मिक मरमत सुधार गर्ने काममा सिंचाइ अधिकृतले जल-उपभोक्ता टोली, जल-उपभोक्ता सङ्घ, जल-उपभोक्ता सङ्घ समन्वय समिति वा अन्य कुनै निकाय वा स्थानीय बासिन्दासंग आवश्यक सहयोग माग्न सक्नेछ र त्यसरी सहयोगको माग गरिएमा आवश्यक कामदारहरू जुटाइदिनुको साथै आ-आफ्नो तर्फबाट सक्दो सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४.२.३ उप-नियम ४.२.२ बमोजिम स्थानीय पञ्चायत, जल-उपभोक्ता सङ्घ समन्वय समिति, जल-उपभोक्ता सङ्घ वा जल-उपभोक्ता टोलीले उपलब्ध गराइदिएको कामदारलाई श्री ५ को सरकारको जिल्ला कार्यालयबाट स्वीकृत गरिएको दर अनुसार ज्याला दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–५
## पानीपोतसम्बन्धी व्यवस्था

५.१ पानीपोत तिर्नुपर्ने :

५.१.१ नियम २.६ बमोजिमको लगतमा नाम समावेश भएका जल-उपभोक्ताले पानीपोत तिर्नुपर्नेछ ।

५.१.२ उप-नियम ५.१.१ बमोजिम पानीपोत तिर्नु पर्दा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम मोहियानी लागेको जग्गामा मोहीले र मोहियानी नलागेको जग्गामा जग्गाधनीले तिर्नुपर्छ ।

५.१.३ पानीपोतको दर श्री ५ को सरकार आफैले सञ्चालन गरेको वा कुनै परियोजनामार्फत सञ्चालन गरेको सिंचाइ व्यवस्थामा श्री ५ को सरकारले र कुनै विकास समितिअन्तर्गत सञ्चालन भएको सिंचाइ व्यवस्थाको हकमा सो विकास समितिले श्री ५ को सरकारको स्वीकृति लिई निर्धारण गरेबमोजिम हुनेछ । यसरी पानीपोत निर्धारण गर्दा देहायका कुराहरूलाई समेत ध्यान दिई निर्धारण गरिनेछः–

५.१.३.१ सिंचाइ हुने जग्गाको क्षेत्रफल,
५.१.३.२ उपलब्ध गराइने पानीको परिमाण,
५.१.३.३ पानी उपयोग गर्नुपर्ने प्रयोजन,
५.१.३.४ जलस्रोतको किसिम,
५.१.३.५ जग्गामा लगाइने बालीको किसिम,
५.१.३.६ सिंचाइ प्रणालीको मरमत सम्भार एवं सञ्चालन खर्च,
५.१.३.७ सिंचाइ प्रणालीको लागत खर्च ।

५.१.४ सिंचाइ अधिकृतले सिंचाइमा प्रतिकूल असर नपर्ने गरी नहर वा सिंचाइ सम्बन्धी अन्य संरचनाबाट उपलब्ध हुने पानी अन्य कृषि कार्यको लागि प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

५.१.५ उप-नियम ५.१.४ बमोजिम अन्य कृषि कार्यको लागि वितरण हुने पानीको पानीपोत दर पनि छुट्टै निर्धारण गरिनेछ ।

५.१.६ पानीपोतको रकम जल-उपभोक्ताले सम्बन्धित सिंचाइ कार्यालयमा वा श्री ५ को सरकारको राजश्व खातामा दाखिल गर्नु पर्नेछ ।

तर राजश्व खातामा पानीपोतको रकम दाखिल गरेको अवस्थामा जल-उपभोक्ताले सोको निस्सा पन्ध्र दिनभित्र सम्बन्धित सिंचाइ कार्यालयमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१.७ उप-नियम ५.१.६ बमोजिम सिंचाइ कार्यालयमा पानीपोत बुझाए बापत सिंचाइ कार्यालयले सो पानीपोत बुझाउने व्यक्तिलाई अनुसूची–१ बमोजिमको ढाँचामा रसीद दिनेछ र त्यसरी प्राप्त पानीपोतको रकम सिंचाइ कार्यालयले श्री ५ को सरकारको राजश्व खातामा तुरुन्त दाखिल गर्नु पर्नेछ ।

५.२ पानीपोत बुझाउने अवधिः

५.२.१ प्रत्येक वर्षको चैत्र मसान्तसम्ममा पानीपोत बुझाउनु पर्नेछ ।

५.२.२ फागुन मसान्तभित्र पानीपोत बुझाएमा लाग्ने पानीपोतको सयकडा पाँच छूट दिइनेछ ।

५.२.३ चैत्र मसान्तभित्र पानीपोत बुझाउन नसकी बैशाख मसान्तसम्ममा बुझाएमा लाग्ने पानीपोतको सयकडा पाँच अतिरिक्त शुल्कसमेत लाग्नेछ ।

५.२.४ बैशाख मसान्तभित्र पनि पानीपोत बुझाउन नसकी जेष्ठ मसान्तसम्ममा बुझाएमा लाग्ने पानीपोतको सयकडा दश अतिरिक्त शुल्कसमेत लाग्नेछ ।

५.२.५ जेष्ठ मसान्तभित्र पनि पानीपोत नबुझाएमा बक्यौता लगतमा जनाइने छ र यस्तो बक्यौता दण्ड जरिवाना सरह असूल तहसील गरिनेछ ।

५.३ जल-उपभोक्ता टोलीलाई प्रोत्साहन रकम दिनेः

५.३.१ जल-उपभोक्ता टोलीले आफ्नो क्षेत्रभित्रको पानीपोत असूल गर्ने काममा सहयोग गरेबापत श्री ५ को सरकार सिंचाइ कार्यालयमार्फत सम्बन्धित क्षेत्रबाट उठेको पानीपोतको रकमको सयकडा पच्चीस प्रतिशत बराबरको रकम सम्बन्धित जल-उपभोक्ता टोलीलाई दिनेछ ।

५.३.२ उप-नियम ५.३.१ बमोजिम प्राप्त भएको रकम सम्बन्धित जल-उपभोक्ता टोलीले आफ्नो क्षेत्रभित्रको सिंचाइ प्रणालीको मरमत सम्भारको कार्यमा खर्च गर्न सक्नेछ ।

५.४ पानीपोत असूल गर्न बाधा नहुनेः देहायका अवस्थामा कुनै व्यक्तिसंग पानीपोत असूल गर्न बाधा पर्नेछैनः–

५.४.१ नियम २.६ बमोजिमको लगतमा नाम समावेश नभए तापनि कुनै व्यक्तिले नहरको पानी उपयोग गरेको रहेछ भने,



409

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४.२ कुनै व्यक्तिको जग्गाबाट पैनी लैजानु पर्ने कारणले गर्दा निजको जग्गाको सिंचाइ हुन गएको छ र त्यस्तो सिंचाइबाट निजले लाभ उठाएको छ भने, वा

५.४.३ कुनै व्यक्तिले यो नियमावली प्रारम्भ हुनुअघिको पानीपोत बक्यौता नतिरेको भए तापनि हाल पानीको उपयोग गरिरहेको छ भने ।

## परिच्छेद–६

## असूल तहसीलसम्बन्धी व्यवस्था

६.१ लगत अद्यावधिक राख्नुपर्नेः सिंचाइ कार्यालयले ऐन र यस नियमावलीबमोजिम असूल तहसील गर्ने पानीपोत, दण्ड, सजाय, जरिवाना, विगो वा कैदको लगत अद्यावधिक बनाई राख्नु पर्नेछ । त्यसरी राखिएको लगतबमोजिम असूल तहसील भैसकेकाको हकमा सोको लगत कट्टा गर्नु पर्नेछ ।

६.२ असूल तहसीलको लागि डोर खटाउनेः

६.२.१ सिंचाइ कार्यालयले लगतबमोजिमको बक्यौता पानीपोत र ऐनबमोजिम लागेको बक्यौता दण्ड जरिवाना, कैद वा विगो असूल गर्नुपर्ने व्यक्ति रहे बसेको ठाउँमा प्रत्येक वर्ष कम्तीमा एक पटक असूल तहसील कार्यका लागि डोर खटाउनु पर्नेछ ।

६.२.२ उप-नियम ६.२.१ बमोजिम खटिई गएको डोरलाई स्थानीय पञ्चायत तथा जल-उपभोक्ता टोलीका सदस्यहरूले असूल तहसीलको काममा आवश्यक सहयोग गर्नु पर्नेछ । यस्तो डोरले आवश्यकतानुसार स्थानीय प्रशासन र प्रहरीको सहयोग लिन सक्नेछ र त्यस्तो सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

६.२.३ उप-नियम ६.२.१ बमोजिम असूल तहसील कार्यका लागि डोरमा खटी जाने कर्मचारीहरूलाई दैनिक तथा भ्रमण भत्ताको अतिरिक्त निजहरूले असूल गरी ल्याएको रकमको दश प्रतिशत बराबरको रकम श्री ५ को सरकारले सिंचाइ कार्यालयमार्फत पुरस्कारसमेत दिनेछ ।

६.३ सरकारी बाँकीसरह असूल गर्नेः सिंचाइ अधिकृतले ऐनबमोजिम लागेको बक्यौता दण्ड जरिवाना वा बक्यौता पानीपोत सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–७
## अनुमतिपत्रसम्बन्धी व्यवस्था

७.१ अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने: प्रचलित कानूनबमोजिम स्थापना भएको कुनै जल-उपभोक्ताको संस्थाले संस्थागत रूपमा सिंचाइ वा अन्य कृषि कार्यको लागि जलस्रोतको उपयोग गर्न चाहेमा अनुमतिपत्रको लागि दश रूपैयाँ दस्तूर सहित अनुसूची–२ बमोजिमको ढाँचामा जिल्ला सिंचाइ कार्यालयको प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ ।

७.२ अनुमतिपत्र दिने:

७.२.१ नियम ७.१ बमोजिमको दरखास्त पर्न आएमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखले ऐनको दफा ५ को उप-दफा (४) बमोजिम आवश्यक जाँचबुझ गरी मनासिव देखिएमा अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित संस्थालाई संस्थागत रूपमा सिंचाइ वा अन्य कृषि कार्यको लागि जलस्रोतको उपयोग गर्न अनुमतिपत्र दिन सक्नेछ ।

७.२.२ जिल्ला सिंचाइ कार्यालयको प्रमुखले उप-नियम ७.२.१ बमोजिम अनुमति दिंदा अनुमतिपत्रमा उल्लेख गरिने सबै व्यहोरा प्रष्ट खुलाई लगत किताबमा लेखी राख्नुपर्छ ।

७.२.३ उप-नियम ७.२.१ बमोजिम दिइएको अनुमतिपत्र हराए वा च्यातिएमा पाँच रूपैयाँ दस्तूर लिई जिल्ला सिंचाइ कार्यालयको प्रमुखले सम्बन्धित संस्थालाई अनुमतिपत्रको प्रतिलिपि उपलब्ध गराई दिनु पर्नेछ । त्यसरी अनुमतिपत्रको प्रतिलिपि दिएको व्यहोरासमेत लगत किताबमा कैफियत जनाई राख्नु पर्नेछ ।

७.३ अनुमतिपत्रबापत वार्षिक शुल्क बुझाउनु पर्ने: नियम ७.२ बमोजिम अनुमतिपत्र पाउने जल-उपभोक्ताको संस्थाले सिंचाइ वा अन्य कृषि कार्यको लागि जलस्रोतको उपयोग गरेबापत वार्षिक शुल्क दश रूपैयाँ जिल्ला सिंचाइ कार्यालयमा बुझाउनु पर्नेछ ।

७.४ पानीको परिमाण घटबढ गर्न स्वीकृति लिनुपर्ने:

७.४.१ नियम ७.२ बमोजिम अनुमति प्राप्त गर्ने संस्थाले अनुमतिपत्रमा उल्लेखित पानीको परिमाण घटबढ गर्नुपर्ने भएमा त्यसको ठोस कारण सहित सोको स्वीकृतिको लागि जिल्ला सिंचाइ कार्यालयसमक्ष निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७.४.२ उप-नियम ७.४.१ बमोजिमको निवेदन पर्न आएमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखले सो कुराको आवश्यक छानवीन गरी सोही क्षेत्रको अन्य व्यक्ति, समूह, संस्था वा निकायअन्तर्गत सञ्चालन भएको सिंचाइ वा पानीको अन्य उपयोगमा कुनै प्रतिकूल असर नपर्ने गरी पानीको परिमाण घटबढ गर्ने स्वीकृति दिन सक्नेछ । त्यस्तो स्वीकृति दिइएकोमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखले सो व्यहोरा अनुमति पत्र र लगत किताबमासमेत जनाउनु पर्नेछ ।

७.५ अनुमतिपत्रको लगत कट्टा गराउन सूचना दिनुपर्ने:

७.५.१ नियम ७.२ बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले उक्तअनुमतिपत्रमा उल्लेख भएबमोजिम जलस्रोतको उपयोग गर्न नचाहेमा अनुमतिपत्रको लगत कट्टा गराउन सो संस्थाले त्यस्तो निर्णय गरेको मितिले पैंतीस दिनभित्र जिल्ला सिंचाइ कार्यालयको प्रमुखलाई लिखित सूचना गर्नु पर्नेछ ।

७.५.२ उप-नियम ७.५.१ बमोजिमको सूचना प्राप्त हुनआएमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाले जलस्रोतको उपयोग गर्न छाडेको देखिन आएमा सूचना प्राप्त भएको मितिले तीन महिनाभित्र त्यस्तो संस्थाले पाएको अनुमतिपत्र खारेज गरी लगत किताबमासमेत सो व्यहोरा उल्लेख गरी अनुमतिपत्रको लगत कट्टा गरिदिनु पर्नेछ ।

७.५.३ उप-नियम ७.५.२ बमोजिम कुनै संस्थाको अनुमतिपत्र खारेज भई सोको लगत कट्टा गरिएकोमा त्यस्तो संस्थाले नियम ७.३ बमोजिमको वार्षिक शुल्क बुझाउनु पर्नेछैन ।

## परिच्छेद–८
## विविध

८.१ अधिकारी तोकिएको:

८.१.१ ऐनको दफा ५ को उप-दफा (५) को खण्ड (क) बमोजिम अनुमति पत्र हस्तान्तरण गर्ने स्वीकृति दिने र खण्ड (ख) बमोजिम अनुमति पत्र स्थगित, संशोधन वा खारेजी गर्ने अधिकारीमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखलाई तोकिएको छ ।

८.१.२ ऐनको दफा १३ को उप-दफा (१) वा (३) अन्तर्गतको कसूर गर्नेलाई सजाय गर्ने अधिकारीमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखलाई तोकिएको छ ।



604

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.१.३ ऐनको दफा १३ को उप-दफा (४) अन्तर्गतको कसूर गर्नेलाई सजाय गर्ने अधिकारीमा सिंचाइ अधिकृतलाई तोकिएको छ ।

८.२ निलम्बन फुकुवा गर्ने:

८.२.१ ऐनको दफा १३ को उप-दफा (१) बमोजिम अनुमतिपत्र निलम्बन भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले आफूले कसूर गरेको कुरामा सन्तोषजनक रूपमा सुधार गरेको छ भन्ने लागेमा जिल्ला सिंचाइ कार्यालयको प्रमुखले उक्त अनुमतिपत्रको निलम्बन फुकुवा गर्ने आदेश दिन सक्नेछ ।

८.२.२ उप-नियम ८.२.१ बमोजिमको म्यादभित्र त्यस्तो निलम्बन भएको अनुमतिपत्र फुकुवा हुन नसकेमा उक्त म्यादपछि त्यस्तो निलम्बन भएको अनुमतिपत्र स्वतः खारेज भएको मानिनेछ ।

८.३ बाँकी बक्यौता बुझाउन आएमा प्रतिशत छूट पाउने:

८.३.१ यो नियमावली प्रारम्भ हुनुभन्दा पहिले बाँकी रहेको पानीपोत वा अन्य कुनै बक्यौता बुझाउन सम्बन्धित सिंचाइ कार्यालयले सूचना जारी गर्न सक्नेछ ।

८.३.२ उप-नियम ८.३.१ बमोजिम जारी गरिएको सूचनामा तोकिएको म्यादभित्र बक्यौता पानीपोत वा अन्य कुनै बक्यौता बुझाउनेका हकमा श्री ५ को सरकारले त्यस्तो बक्यौता रकमको दश प्रतिशत छूट दिन सक्नेछ ।

८.३.३ उप-नियम ८.३.१ बमोजिमको बक्यौता रकम असूल उपर गर्ने काममा जल-उपभोक्ता टोलीले सहयोग गरेमा असूल उपर भएको बक्यौता रकमको पच्चीस प्रतिशत बराबरको रकम त्यस्तो जल-उपभोक्ता टोलीलाई दिइनेछ ।

८.४ सिंचाइ अधिकृतलाई सहयोग गर्नुपर्ने: सिंचाइ कार्यालयको कार्यमा सिंचाइ अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु स्थानीय प्रशासन, प्रहरी तथा जल-उपभोक्ता टोली, जल-उपभोक्ता सङ्घ तथा जल-उपभोक्ता सङ्घ समन्वय समितिको कर्तव्य हुनेछ ।

८.५ निर्देशिका बनाउने: ऐन र यस नियमावलीको अधीनमा रही श्री ५ को सरकार, सिंचाइ विभागले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

८.६ अनुसूचीमा हेरफेर : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

८.७ खारेजी : नहर सञ्चालन नियमावली, २०३१ खारेज गरिएको छ ।



402
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(उप-नियम ५.१.७ संग सम्बन्धित)
पानीपोतको रसीद

सिंचाइ कार्यालय,

..............जिल्ला
..............नेपाल।

रसीद नं.:–  मितिः–

श्री......................बाट...............बापत

अक्षेरेपी ......................................रकम सधन्यवाद

प्राप्त भयो।

| सि. नं. | विवरण | रू. | पैं. |
|---|---|---|---|
| | | | |
| | जम्माः– | | |

बुझाउनेको सहीः–  बुझिलिनेको सहीः–
नामः–  नामः–
ठेगानाः–  दर्जाः–

४०६



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ७.१ संग सम्बन्धित)

दरखास्तको ढाँचा

श्री प्रमुखज्यू,
जिल्ला सिंचाइ कार्यालय,
.....................जिल्ला,
.....................नेपाल ।

विषयः– अनुमतिपत्रबारे ।

महोदय,

यस संस्थाले सिंचाइ।अन्य कृषि कार्यको लागि जलस्रोतको उपयोग गर्न चाहेकोले सोको लागि अनुमतिपत्र पाउन ऐनको दफा ५ को उप-दफा (६) बमोजिम लाग्ने दस्तूर रू. १०।– र देहायको विवरण तथा कागजातसहित दरखास्त दिन आएको छु । अनुमति-पत्र पाएमा प्रचलित कानून र अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन गर्न मञ्जूर छ, पालन नगरेमा कानूनबमोजिम सहुँला बुझाउँला ।

(क) विवरणः–

१. संस्थाको नाम र ठेगानाः–
२. संस्थाको उद्देश्यः–
३. उपयोग गर्ने पानीको परिमाण र उपयोग गर्ने प्रयोजनः–
४. पानी उपयोग गर्ने ठाउँ र उपयोग भएको पानी निकाशी हुने ठाउँः–
५. सिंचाइ गर्ने भएमा सिंचाइ हुने जमीनको क्षेत्रफलः–
६. जलस्रोतको उपयोगबाट लाभान्वित हुने किसानको संख्याः–
७. पानीको प्रयोगबाट हुन सक्ने सम्भावित लाभः–
८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकमः–
९. जलस्रोतको नाम र उपयोग गर्ने तरिकाः–

(ख) कागजातः–

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. संस्था नवीकरण गरिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि ।



४०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. संस्थाको विधानको प्रतिलिपि ।
४. नक्सा, रेखाचित्र वा फोटो ।
५. अन्य कुनै कागजात भए सो ।

दरखास्तवाला,

सम्बन्धित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको–

नाम, थर:–
पद:–
ठेगाना:–
दस्तखत:–
मिति:–

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३
(उप-नियम ७.२.१ संग सम्बन्धित)
## अनुमतिपत्रको ढाँचा

.. .... .... .जिल्ला सिंचाई कार्यालय
.. ... ... .. ... जिल्ला, नेपाल ।

अनुमतिपत्र संख्याः– मितिः–

## अनुमतिपत्र

देहायको संस्थालाई देहायका शर्तहरू पालन गर्ने गरी देहायमा उल्लेखित जल-स्रोतबाट जमीन सिंचाइ । अन्य कृषि कार्यको लागि उपयोग गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ । उल्लेखित शर्त वा प्रचलित कानूनको विपरित कुनै काम गरेमा ऐनबमोजिम सजायको साथै यो अनुमतिपत्र स्थगित, संशोधन वा खारेज हुन सक्ने व्यहोरासमेत अवगत गराइन्छ ।

### (क) संस्था र जलस्रोतको विवरणः–

१. संस्थाको नाम र ठेगानाः–
२. संस्थाको उद्देश्यः–
३. उपयोग गर्ने जलस्रोतका किसिम र सो रहेको ठाउँः–
४. उपयोग गर्ने जलस्रोतको सीमाः–
५. उपयोग गर्ने पानीको परिमाणः–
६. पानी उपयोग गर्ने प्रयोजनः–
७. जलस्रोतको उपयोग गर्ने तरिकाः–

### (ख) पालन गर्नुपर्ने शर्तहरूः–

१. जलस्रोतको उपयोग गरेबापत श्री ५ को सरकारलाई नियमित रूपमा निर्धारित वार्षिक शुल्क बुझाउनु पर्नेछ ।
२. सोही क्षेत्रका अन्य व्यक्ति, समूह वा संस्थाले सञ्चालन गरेको सिंचाइ वा पानीको अन्य उपभोगमा कुनै प्रतिकूल असर पार्ने गरी उल्लेखित जलस्रोतको उपयोग गर्न पाइनेछैन ।
३. आफूले उपयोग गरेको जलस्रोतको निकासीबाट अन्य कुनै व्यक्ति वा संस्थालाई प्रतिकूल असर पुऱ्याउनु हुँदैन ।

........
प्रमुख
......जिल्ला सिंचाइ कार्यालय

आज्ञाले,
भुवनेशकुमार प्रधान
श्री ५ को सरकारको का.मु. सचिव



४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।